# गैरआवासीय नेपाली संघ,

# राष्ट्रिय समन्वय परिषद्, कतार

## २०२३ - २०२५ कार्यकालको दोश्रो परिषद (बार्षिक) भेलामा

## प्रस्तुत सुरक्षित आप्रवासन तथा श्रमिक कल्याण विभागको प्रतिबेदन

प्रस्तुतकर्ता :
कृष्ण पन्थी
प्रथम उपाध्यक्ष एवं संयोजक सुरक्षित आप्रवासन तथा श्रमिक कल्याण विभाग
मितिः २६ जुलाई २०२४, शुक्रबार

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको २०२३ - २०२५ कार्यकालको दोस्रो परिषद भेलाको अध्यक्षता गरिरहनुभएका एनसीसी कतारका अध्यक्ष रमेश भट्ट ज्यू, प्रमुख अतिथी कार्यवहाक राजदुत कुमार राई ज्यू, बिशेष अतिथी ज्यूहरु, अतिथी ज्यूहरु, पत्रकार मित्रहरु, राष्ट्रिय समन्वय परिषद्, कतारका पञ्जिकृत सदस्य ज्यूहरु, कतारमा रहनु हुने सम्पुर्ण श्रमजिबी नेपाली दिदि-बहिनी तथा दाजु-भाईहरु लगायत भर्चुअल माध्यमबाट जुम मार्फत तथा प्रत्यक्ष प्रसारणका माध्यमबाट जोडिनु तथा हेरिरहनु भएका संसार भरीका सम्पुर्ण नेपालीहरुमा राष्ट्रिय समन्वय परिषद्, कतारको तर्फबाट हार्दिक नमस्कार अभिवादन ।

आदरणिय पञ्जिकृत सदस्य ज्यूहरु,

संस्थाको प्रगती प्रतीवेदनमा संस्थाले गरेका विभिन्न गतिविधिका समेटिएको छ यहाँ मैले मेरो संयोजकत्वमा रहेको सुरक्षित आप्रवासन तथा श्रमिक कल्याण विभाग जसलाई हामी श्रमीक विभाग भनेर पनि चिन्छौ । सोही विभागले गरेका मुख्य मुख्य कामहरु बुदागतरुपमा यहाँ प्रस्तुत गरेको छु। सर्वप्रथम त यो एक वर्षको अवधिमा विभिन्न खाले श्रमीक समस्याको हामीले सामान गरेउ त्यसको लागी निरन्तर खटनुहुने यस विभागका साथीहरु, एनसीसीकतारका सहकर्मी साथीहरु, विभिन्न सामाजी संघ संस्थाक साथीहरु, नेपाली दुतावास र कतार स्थीत विभिन्न सरकारी निकायलाई हार्दिक आभार प्रकट गर्दछु । यहाँहरुको निरन्तर सल्लाह सुझाव र साथ सहयोगले हामीले अधिक पिडित मजदुर सम्म पुग्ने र उनीहरुका समस्या सुनेर समाधाको प्रयासमा थप उत्साहका साथ लागेका छौ र आगामी दिनमा पनि निरन्तरता दिने छौ ।

हामी प्रवासमा छौ कर्मभुमीको कानुनी प्रक्रिया अनि हाम्रो आफनै कामको व्यस्तता पनी व्यवस्थापन गर्दे हाल सम्म हामीलाई प्राप्त नेपाली दाजुभाई तथा दिदिबहिनिका समस्याका प्रकृती हेरर समाधानको प्रयास गरिरहेका छौ । अहिले यहाँ विभिन्न निकायमा एनसीसीको सिधै पहुच कायम गर्न सफल भएकोले धैरै समस्यालाई सहज रुपमा सहजिकरण गर्न सहयोग पुगी रहेकोछ । हामी सबै सँग समन्वय गरेर नितान्त श्रमीकको हकहितको लागी काम गर्न चाहन्छौ । प्रचार प्रसार गर्दा पिडितले झन पिडाको महशुस गर्ने हुदाँ सम्बन्धीत व्यक्तिको सहमतीमा मात्रै उनीहरुको नाम सार्वजनीक गर्ने गरेका छौ । यसबाट हाम्रो सहयोगको डिटेल केही अधुरो जस्तो लाग्न सक्छ तर यसलाई त्यही अनुशार बुझिदिनुहुन अनुरोध गर्दछु ।

**विवरण :**

१. ९ अगस्ट २०२३ राष्ट्रिय मानव अधिकार आयोग कतारले आयोजना गरेको महत्वपुर्ण कार्यक्रममा निर्माण क्षेत्रमा आबद्ध ३० भन्दा बढि श्रमिकहरुको सहभागीतामा श्रमकीकको स्वास्थय सुरक्षा र कतारको नया कानुन १७/२०२१-२०२३ बारे जानकारी दिने उदेश्यले कार्यक्रम सम्पन्न भयो ।

२. १० अक्टोबर २०२३ : कम्पनीले तलब नदिएका ( ४ ) जना इलामका पिडित महिलाहरुलाइ उद्दार गरि रोजगार प्रदान गरियो ।

**नाम खुलाउन नचाहेको**

३. ११ अक्टोबर २०२३ : कम्पनीले तलब नदिएर पीडित भएर दयानिय अवस्थामा रहेका ८ जनालाई कम्पनी सँग समन्वय गरेर कम्पनी मार्फत टिकट उपलब्ध गरार नेपाल फिर्ता गराइयो ।

४. १३ अक्टोबर २०२३ : कम्पनी द्वारा ४ जना नर्सलाई फरार मुद्दा (रनवे केस) गरेको र कम्पनीले नियम अनुशार पाउनुपर्ने भुक्तानी बिना नै अदालतमा सुनुवाईमा लागेकोमा नेपाली राजदुतावास सँग समन्वय गरि उद्दार गरियो ।

५. १५ अक्टोबर २०२३ : कम्पनीले तलब नदिएर पिडित पारेको सूचना पाएपछि ९ जना नेपाली श्रमिकलाई तत्कालै खाद्यान्न सहयोग गरियो । नेपाली श्रमिकहरु सुवास लगुना- धादिङ, प्रथम लावती - पाँचथर, दुर्ग बहादुर दिनदुङ -सन्धुली, राम बहादुर लामा - काभ्रे र विनोद रावत क्षत्री - बाँके लगाएत रहेका थिए ।

६. २० अक्टोबर २०२३ : आजाद भीषा भनी कतार आएका तर रोजगार नपाएर अलपत्र परेका १५ जना नेपाली श्रमिकलाई विभिन्न श्रमदाताहरु सँग समन्वय गरेर रोजगार प्रदान गरियो ।

७. २९ अक्टोबर २०२३ : कम्पनीले तलब नदीएर पीडीत भएका १० नेपाली श्रमिक महिलालाई खाद्यानाको व्यबस्था गरियो । एनसीसीको अनुरोधमा तमिमि ग्रुप कम्पनीले खाधान्नको व्यवस्थापन गर्दिएको थियो ।

८. ७ सेप्टेम्बर २०२३ : तलब नपाएर तथा नेपाल फिर्ताको टिकट नपाएर समस्यामा परेका रामप्रसाद गुरुङ र उनका २ जना साथीलाई कम्पनी सँग समन्वय गरि बाकी तलब सहित टिकट उपलब्ध गराई नेपाल फिर्ताको व्यवस्था गरियो ।

९. १० नोभेम्बर २०२३ का दिन जाजरजोट र पश्चिम रुकुममा गएको भुकम्पमा मानवीय तथा भौतीक क्षती पुगेका कतारमा कार्यरत दाजुभाई तथा दिदिबहिनिहरुलाई प्राथमिकतामा राखी कर्णाली प्रदेश समनवय परिषद र सेवा समाज सँग समन्वय गरि नेपाली राजदुतावसमा पीडीत परिवारलाई प्रत्यक्ष हस्तान्तरण गरि बाकि रकम नेपाल सरकारको प्रधानमन्त्री राहत तथा उद्धार कोषमा जम्मा गरियो ।

१०. १४ नोभेम्बर २०२३ : कम्पनीले तलब नपाएर पिडित बनेका ३ जना सुरेन्द्र शाह, तेजबहादुर बस्नेत र हरि कोइरालालाई खाना बस्न र घर जानको लागी टिकटको ब्याबस्था गरेको । जसमा तेजबहादुर बस्नेत र हरि

कोइरालालाई ४ महिना सम्म खाना र बस्नको व्यवस्था तमिमि ग्रुप कम्पनीमा गरि कम्पनीमा फ्लोअप केश गरेर ६ महिना सम्म पनि नसके पछि नेपाल जानको लागि टिकटको व्यवस्था गरेको ।

**११.** १७ नोभेम्बर २०२३ : लुम्बिनी प्रदेश अन्तर्गत,दाङ जिल्ला मनु केसीलाई कम्पनी सँग सहकार्य गरेर नेपाल घर सम्म पुग्नको लागी टिकट सहित आर्थिक सहयोग गरियो ।

**१२.** २१ नोभेम्बर २०२३ : अल जाबर कम्पनीमा कार्यरत करिब तीन सय नेपाली कामदारलाई खानको समस्या परेको सुचना प्राप्त गरिएको र कम्पनीका मालिक सङ्ग नेपाली दूतावासमा बैठक बसि पिडित कामदारलाई तुरुन्तै खाद्यान्नको ब्याबस्था गरियो । कम्पनीले भुक्तानी गर्ने गरि ग्रोसरी सँग समन्वय गरि खाधान्न हस्तान्तरण गरियो ।

**१३.** २४ नोभेम्बर २०२३ : NOC दिन्छु भनेर एउटा म्यानपावर कम्पनीले २ जना नेपाली महिला बाट २ लाख ठगेको विवरण प्राप्त गरेपछि तत्कालै फलोअप गरि कम्पनीमा पुगि २ जना नेपाली महिलाई NOC दिलाई अर्को कम्पनीमा कामको लागि सहजीकरण गरियो ।

**१४.** ०१ डिसेम्बर २०२३: रोजगारी दिने आश्वासन दिएर कतार ल्याइ अलपत्र पारेका पाल्पा जिल्लाका नारायण न्यौपानेलाई खानाको ब्याबस्था गरियो ।

**१५.** ०३ डिसेम्बर २०२३ : कम्पनी बाट तलब नपाएर खानको समस्यामा परेका ७ जना नेपाली महिला

(रजीना, रेश्मा, अप्सरा, मनिका , अञ्जना) लाई खाद्यान्न ब्याबस्था गरियो ।

**१६.** १३ डिसेम्बर २०२३: करिप ४ महिना देखी कम्पनी बाट तलब तथा घर फिर्ताको टिकट नपाएर समस्यामा परेका ५ नेपालि महिला कामदार (रेशम उप्रेती-मकवानपुर, शकुन्तला राई - भोजपुर, सीता लावती-पाचथर,भुमिका मगर- रोल्पा, धनकुमारी शर्मा-पाचथर) लाई टिकटको ब्याबस्था गरि नेपाल पठाइयो ।

**१७.** २२ डिसेम्बर २०२३ : कतारमा आईपुगेका नेपाली विश्व साईकल यात्रीलाई खान बस्नको लागी एक हप्ता सम्मको लागी तमीमी कम्पनीमा व्यवस्थापन गरियो ।

**१८.** २४ डिसेम्बर २०२३: एक प्रतिस्ठित कम्पनी अल तवीरमा ८ बर्ष देखी बन्धक बनाएर राखी घर जान खोज्दा कम्पनीले खान नदिएको र नेपाल जाने टिकट समेत उपलब्ध नगराएर पिडित बनेका गुल्मी जिल्ला घरभएका कलाधर बराल मगर र तनहु घर भएका पिताम्बर कामीलाई कतारको कानुनी प्रक्रिया पुरा गरि ८ जनवरी का दिन एनसीसी मार्फत टिकटको व्यवस्थापन गरि नेपाल फर्काउन सफल भयौ ।

**१९.** ०९ जनवरी २०२४: करिब चार महिना पहिले बेट अल्करम हस्पिटलिटि एन्ड क्लिनिङ सर्भिस कम्पनी मा आएकी रामेछाप जिल्लाकी दुर्गा मायाँ बस्नेतलाई कम्पनीले महिनाको ४ दिन काम दिने, कतार आएको ४ महिना बितिसक्दा पनि तलब नदिने, घर फिर्ता हुन्छु भन्दा उल्टै थर्काउने गरेको सुचना पीडित बाटै प्राप्त गरिएको हुँदा उद्दार गरि यहाँको कानुन अनुसार आवस्यक प्रक्रिया पुरा गरेर एनसीसी मार्फत सहकार्य गरि नेपाल पठाइयो ।

**२०.** १३ जनवरी २०२४ : कतारमा गम्भीर विरामी परेका उपाचाररत कमल रोकालाई कम्पनी सँग निरन्तर समन्वय गरेर परिवारको इच्छा अनुशार अस्पताल सँग समन्वय गरेर नेपाल पठाई एनसीसी सहकोषाध्यक्ष झविन्द्र आचार्य एवं लुम्बीनी प्रदेश संयोजक विवस वेल्वासेको संयोजनमा आर्थिक संकल गरि नेपालमा कोषाध्यक्ष मार्फत हस्तान्तरण गरियो ।

**२१.** १६ जनवरी २०२४ नेपाल एयरलाईन्सको उडान रद्ध भएर एयरपोर्ट लामो समय देखी राकीएका १०० जना यात्रुलाई तत्काल खाना र पानीको व्यवस्थापन गरियो । साथै एयरलाईन्स र नेपाली राजदुतावास सँग समन्वय गरि सबै यात्रुलाई अर्को उडानमा नेपाल पठाउन समन्वय गरियो ।

**२२.** २३ जनवरी २०२४ : बिगत केही समय देखी मुटुको समस्यामा रहेका तर कमजोर आर्थिक अवस्थाको कारण टिकट काटेर नेपाल जान नसकेका "नारायण अधिकारी" लाई एनसीसी मार्फत टिकटको ब्याबस्थापन गरियो ।

**२३.** १५ फेब्रवरी २०२४: धनुषा जिल्ला मुखियापटि गाउँपालिका वार्ड नम्बर ५ का राम चलितार साहनी, प्यारालाइस जस्तो जटिल रोग सङ्ग लड्दै कतारको सरकारी अस्पताल हमादको ट्रमा सेन्टरमा उपचार्थ गराइरहेका र २ बर्ष देखी कतार आएका साहनी कार्यरत कम्पनी "सनुन ईन्जिनियरिङ " बाट केहिपनि सहयोग नपाएपछि बिरामी "आर्थिक अभावमा" हस्पिटलको बेडमा छटपटिदै गरेको बारे साहनीको उपचारमा संङ्लग्न डाक्टरले नेपाली कम्युनिटीलाई सुचना पुर्याउनु आग्रह गरेका र सोही सुचना अनुसार उपचारमा समन्वय गरेर घरफिर्ताको लागि एनसीसी मार्फत टिकटको ब्याबस्थापन गरि पठाइयो ।

**२४.** १८ फेब्रवरी २०२४ : रसुवा जिल्ला कालिका गाउँपालिका घर भएकि प्रविता तामाङलाइ १९ महिना अगाडि नेपालको एक म्यानपावरबाट रसुवा नै घर भएका अमृत गुरुङले दुबाई भिजिट भिसामा पठाएको र युएई बाट कतार ल्याइ घरेलु काममा लगाउने तर दैनिक यातना दिएकोले उनी पीडा सहन नसकि काम गर्ने घरबाट भागेर गैर आवासीय नेपाली संघ कतारको सम्पर्कमा आएको आवश्यक समन्वय गरि एनसीसी मार्फत टिकट व्यवस्थापन गरि नेपाल पठाइयो ।

**२५.** २९ फेब्रवरी २०२४: कन्चन, माया, र शोभा भन्ने ३ जना महिला ३ महिना सम्म कम्पनीमा काम गरे तर कम्पनीले तलब नदिदा समस्यामा परेकालाई कम्पनी सँग समन्वय गरी तलब र NOC दिलाई नयाँ कम्पनीमा रोजगारीको व्यवस्था गरियो ।

**२६.** ४ अप्रिल २०२४ : कम्पनीले तलब नदिएपछि समस्यामा परेका १४ जना नेपाली महिला लाई खाद्यान्नको ब्याबस्था गरियो ।

**२७.** ६ अप्रिल २०२४: ५३ जना नेपाली (महिला - पुरुष) अलनासिर म्यानपावर बाट ६ महिना अगाडि Imdada Services भन्ने कमपनीमा आएकोमा ५ महिना देखि खानाको पैसा समेत नदिएको, कतारी आईडी पनि नबनाईदिएको र भिजा पनि सकिएको खबर पिडितहरुले जानकारी गराए अनुसार उनिहरुलाई खाना र बस्नको ब्याबस्था गरि सम्बन्धीत म्यानपावर कम्पनीको मालीक नेपाल बाट कतार बोलाएर कामदानरको इच्छा अनुशार केहीलाई यही रोजगारीको व्यवस्थापन गरेर बाकिलाई सम्बन्धीत कम्पनीकै खर्चमा नेपाल फिर्ता भए । करिब तिन महिना सम्मको निरन्तर फलोअपमा पिडितलाई सहयोग गर्न सकिएको थियो ।

**२८.** १८ अप्रिल २०२४: अलजाबर पार्टनर कम्पनीले ५ महिना देखी तलब नदिएर पिडित बनेका ६२५ जना श्रमीकहरुलाई तत्काल २ दिनको लागि खानाको व्यवस्थापन गरियो । कतार स्थीत Moi सङ्ग समन्वय गरेर थप खानाको ब्याबस्था सहीत कतारी कानुन अनुशार पाउनुर्ने सम्पुर्ण तलब तथा ग्राजुएटी उपल्बध गराई नेपाल फिर्ता गरीयो् । नेपाली श्रमीकको समस्या उठान भएपछि सो कम्पनीमा पिडित बनेका करिब १५०० अन्य देशका श्रमिकले पनि पाउनुपर्ने सुविधा प्राप्त गरेका छन् ।

**२९.** २१ अप्रिल २०२४: "अल खयारिन कम्पनीमा कार्यरत पीडित रित बहादुर कार्की लगायतलाई खाना र बासस्थानको समस्या भएको खबर आएकोमा उनिहरुलाई खाना र बासस्थानको व्यवस्थापन तमिति कम्पनी मार्फत गरियो ।

**३०.** २५ अप्रिल २०२४ : कतारको एक कम्पनीमा कार्यरत २४ जना नेपाली दिदिबहिनी लामो समय देखि तलब नपाएर समस्यामा परेको सुचना पाएपछि, उहाँहरुको कम्पनी मालिक सङ्ग समन्व्य गरि ४ जनालाई एनओसी दिएर अर्को कम्पनीमा काम, एकजना लाई घर फिर्ता र बाकी लाई समयमै तलब दिने प्रतिबद्धता गराइयो । हाल फ्लोअप गर्दा सबै कामदारले जनाले नियमित काम र तलब पाईरहेका जानकारी प्राप्त भएको छ ।

**३१.** ८ मे २०२४ ब्रिटिस काउन्सि कतार सँग भेटघाट तथा छलफल गरि गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार र ब्रिटिस काउन्सि कतार बीच MOU मा हस्ताक्षर गरियो । जस बाट कतारमा रहेका नेपालीले IELTS, NEBOSH / UK Based Universities हरुका नेपाली बिधार्थीहरुलाई भौतिक र अनलाइन परिक्षा यही दोहा कतार बाट दिने ब्यबस्था साथै बिशेष छुट उपलब्ध गराउने प्रारम्भिक छलफल भएको छ ।

**३२.** ९ मे २०२४ कतारमै कार्यरत रहदा निधन भएका स्व. लट्टे नानु घर्ति मगरको आर्थिक अवस्था कमजोर भएको भनी मोना कतारको निवेदन प्राप्त भएकोले कतारी रियल पाँच सय सहयोग गरियो ।

**३३.** ११ मे २०२४ क्यान्सर पिडीत भएर कतारमा उपचाररत महिलाद्धय उर्मीला सुलेमानी - दाङ र संगिता परियार - रुपन्देहीलाई एनसीसी कतारका महिला संयोजकको नेतृत्वमा महिला समाज कतार, लुम्बीनी प्रदेश र व्यक्तिगत तथा संस्थागत रुपमा संकलन भएको कतारी रियल तीन हजार नौ सय एकहत्तर दुईजनालाई आधा आधा हस्तान्तरण गरियो ।

**३४.** १५ मे २०२४: कतारमा BIT AL KARMA कम्पनीमा अलपत्र अवस्थामा रहेका ३ जना (गंगा, निर्मला र सिता) महिलालाई नेपाली दूतावास र कतार लेबर कोर्ट सङ्ग समन्व्य गरि नेपाल फिर्ता गराईयो । (पुरा नाम खुलाउन नचाहेको )

**३५.** १७ मे २०२४ : आर्थिक अभावले उपाचमा समस्या भोगी रहैकी विन्दुमाया तामाङलाई एनसीसी युवा संयोजकको नेतृत्वमा आर्थीक संकलन गरि पडितिको खातामा पठाईयो ।

**३६.** २६ मे २०२४: कतारमा अलपत्र अवस्थामा रहेका राजन कुमार नेपाली लाई एनसीसी बाट टिकट उपलब्ध गराई नेपाल फिर्ता गराईयो ।

**३७**. ३० मे २०२४ : कम्पनी बाट काम तथा तलब नपाएर पिडित भएका दिल्ली प्रसाद रिमाललाई नेपाल फिर्ताको लागी एनसीसी मार्फत टिकटको व्यवस्थापन गरि नेपाल फिर्ता गरियो ।

**३८**. ४ जुन २०२४ गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार र काठमाडौ मेडिकल कलेज प्रा लि. बिच कतारमा कार्यरत नेपाली श्रमिक र आश्रित परिवार लाई बिशेष सहुलियतमा उपचारका लागी सम्झौता पत्रमा हस्ताक्षर कार्यक्रम सम्पन्न भएको छ । जसबाट यहाँ रहेका श्रमीक र उनीहरुको परिवारले प्रत्यक्ष लाभ लिन सक्नेछन ।

**३९**. ६ जुन २०२४ : पिडित बनेका नौला सिंह घर्तीलाई नेपाल फिर्ताको लागी एनसीसी मार्फत टिकटको व्यवस्थापन गरि नेपाल फिर्ता गरियो ।

**४०**. १२ जुलाई २०२४ करिब एक बर्ष अगाडि आएर ड्रीम गेट नामक कम्पनीमा काम गरेका संखुवासभा घर भएकी हिरामाय राई र कास्की घर भएकी निर्मला भुषाल कम्पनी बन्द भै नेपाल जान समस्या भएर हाम्रो सर्म्पकमा आएकोमा नेपालको म्यानपावर सँग समन्वय गरि म्यापावर बाट नै टिकट उपलब्ध गराई २७ जुनमा विविध कारणबस एयरपोर्ट बाट फिर्ता भएकोमा पुन कानुनी प्रक्रिया पुरा गरि नेपाल पठाउन सफल भयौ ।

**४१**. १४ जुलाई २०२४ गत १३ जुलाई २०२३ मा गम्भीर सडक दुर्घटनामा परेका धादिङ जिल्लाका सानुबाबु रसाइली हस्पीटल बाट डिस्चार्ज भएपनी प्यारालाइसेस भएर उपचाररत रहेकोले पिडितलाई उसले पाउनुपर्ने सेवा सुवीधा उपलब्ध गराउन एनसीसी मार्फत सम्बन्धीत कम्पनीको मालीक सँग निरन्तर समन्वय गरिरहेका छौ ।

**४२**. २५ जुलाई २०२४ : कतारमा रहेको E2W कन्सलटेन्सी मार्फत युरोपमका विभिन्न देशमा जाने भनि १२२ जना नेपाली मार्फत करिब नेपाली १५ करोड पैसा उठाई कम्पनीको सञ्चालक नेपाली मुलको इन्डियन नागरीक राहुल शर्मा सर्म्पकमा नआएर पिडित बनेका नेपालीले २० जुलाईमा एनसीसीलाई सयोहको लागि निवेदन दिएकोमा निरन्तर फलोअप गरि करिब ४५ जना पिडितलाई नेपाली राजदुतावासमा लगेर कतारको कानुनी प्रक्रिया अनुशार के कसरी अगाडी बढ्ने बारे दुतावासका पिआरओ सँग सल्लाह सुझाव लिइ आवश्यक फाईल तयार गरियो । दुतावसको पिआरओ मार्फत public prosecution मा आईतबार मुद्धा दायर गरिनेछ जसको लागि एनसीसीले निरन्तर फलोअप गरिने छ ।

४३. एनसीसी कतारबाट विभिन्न समयमा गरेर ७ वटा सव नेपाल पठाउन समन्वय गरिएको छ ।

अनत्यमा सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिवहिनिहरुलाई आफ्नो कर्मभुमीको नियम कानुनको सम्मान गर्दै काम गर्न अनुरोध गर्दछु । आफु वा आफ्नो आफन्त तथा साथी कोही पनी समस्यामा परेमा कानुनी प्रक्रीमा जान र त्यसको लागी सहयोग आवश्यक परेका एनसीसीलाई सम्पर्क गर्न अनुरोध गर्दछौ ।

धन्यवाद

जय एनआरएनए

जय एनसीसी कतार

कृष्ण पन्थी
प्रथम उपाध्यक्ष एवं
संयोजक : सुरक्षित आप्रवासन तथा श्रमिक कल्याण विभाग